# वार्षिक कार्ययोजना-२०७१







**सानोदुम्मा माध्यमिक विद्यालय**

**सानोदुम्मा-३,थर्पु,भोजपुर**

**२०७१**

सानोदुम्मा माध्यमिक विद्यालयको ६१औं वार्षिकोत्सव तथा अभिभावक दिवस-२०७१ कार्यक्रमका
सभाध्यक्ष महोदय,
प्रमुख अतिथि तथा अतिथिगण, वि.व्य.स. तथा अ.शि.संघ कार्यकारी समितिका पदाधिकारीहरु, अभिभावहरु, सहकर्मी शिक्षक मित्रहरु र विद्यार्थी भाइबहिनीहरु !
सर्वप्रथम यहाँहरु सबैमा हार्दिक अभिवादन: नमस्कार, सेवा, फ्याफुल्ला ।

सभाध्यक्ष महोदय, म आफूले तयार गरेको ***वार्षिक कार्ययोजना-२०७१*** प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## क. हार्दिक आभार तथा कृतज्ञता:

यस प्रतिवेदन प्रस्तुत गर्नु अघि सानोदुङमामा शिक्षाको ज्योति फैलाउन तत्कालिन प्रतिकुल परिस्थितिमा आज भन्दा करीव छ दशक अगाडि विद्यालयको स्थापना गर्न नेतृत्वदायी भूमिका निर्वाह गरी अमूल्य योगदान पुऱ्याउनु हुने श्रदेय विद्यालय संस्थापक व्यक्तित्वहरु: सु. डिकबहादुर राइ, जसधन राई, भक्तिमान राई, शाखाजित राई, अगमबहादुर राई तथा प्रत्यक्ष-अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण सानोदुङमालीजनहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।
त्यसैगरी स्थापनाकाल देखि हालसम्म विद्यालय व्यवस्थापन समितमा रही योगदान पुऱ्याउनु हुने व्यक्तित्वहरु प्रधानाध्यापक तथा शिक्षकको रुपमा यस विद्यालयमा योगदान पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरु प्रति पनि हार्दिक आभार प्रकट गर्न चाहन्छु । त्यसैगरी यस विद्यालयको भौतिक तथा शैक्षिक उन्नयनमा सहायता पुऱ्याउँदै आएका सरकारी निकायहरु: जि.शि.का. भोजपुर, सानोदुम्मा गा.वि.स. प्रति हार्दिक आभार प्रकट गर्दछु । त्यसैगरी सहयोगरी गैरसरकारी संघ-संस्थाहरु: Plan International Nepal, ग्रामीण पुन निर्माण संस्था RRN Nepal भोजपुर शाखा प्रति पनि हार्दिक आभार प्रकट गर्न चाहन्छु ।
यस विद्यालयको वृत्ति विकासको निम्ति विगतमा विभिन्न समयमा आर्थिक सहयोग चन्दा तथा जग्गा दान गर्नुहुने सम्पूर्ण समाजसेवी दाता महानुभावहरु प्रति पनि हार्दिक आभार प्रकट गर्दछु । पछिल्लो समयमा विद्यालयको वृत्ति विकासको निम्ति विशेष उल्लेखनीय भूमिका निर्वाह गर्नुहुने ओमनारायण राई, तथा यु.के.मा रहनु भएका उहाँका समूह प्रति पनि हार्दिक आभार प्रकट गर्न चाहान्छु । त्यसैगरी प्रत्यक्ष परोक्ष रुपमा सहयोग पुऱ्याउनुहुने यहाँ उल्लेख गर्न छुट्नु भएका सम्पूर्ण महानुभावहरुप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।
त्यसैगरी विद्यालयको यो ६१औं जन्मोत्सव समारोश कार्यक्रम सम्पन्न गर्नको निम्ति विविध जिम्मेवारी वहन गरी सहयोगी भूमिका निर्वाह गर्नु हुने शिक्षक-विद्यार्थीहरु प्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

## ख. विषय प्रवेश:

यस सानोदुम्मा माध्यमिक विद्यालयको स्थापनाकाल देखि हालसम्ममा औपचारिक रुपमा अभिभावक दिवस कार्यक्रम तथा लिखित वार्षिक कार्ययोजना प्रस्तुत गरिएको यो संभवत दोश्रो पटक हो । गत शैक्षिक वर्षको शुरुवात (१९ बैशाख २०७०) मा पनि यस विद्यालयमा औपचारिक रुपमा अभिभावक दिवस कार्यक्रम राखेर वार्षिक कार्ययोजना प्रस्तुत गरिएको थियो । यस शैक्षिक सत्रमा पनि विद्यालयद्वारा २०७१ साल वर्ष भरीमा गर्नका निम्ति तय गरिएका क्रियाकलापहरु तथा कार्यहरुको विवरण सम्पूर्ण सरोकारवाला निकाय तथा अभिभावकहरु समक्ष जानकारीका लागि पेश गर्न यो प्रतिवेदनको रुपमा तयार परिएको छ । शैक्षिक वर्ष २०७१ सालको यो वार्षिक कार्ययोजना सम्पूर्ण विद्यार्थी तथा अभिभावकहरु प्रति समर्पित गर्न चाहन्छु ।
विद्यालय समुदायको शैक्षिक विकासमा टेवा पुऱ्याउने साझा संस्था हो । समुदायका बालबालिकाहरुलाई युग सुहाउदो शिक्षाको अवसर पुऱ्याउने कार्यमा विद्यालयको महत्वपूर्ण भूमिका रहन्छ । विद्यार्थीहरु भनेका विद्यालयको केन्द्रबिन्दु हुन् । त्यसैगरी अभिभावकहरु पनि विद्यालयको महत्वपूर्ण पाटो हुन् । वास्तवमा

विद्यालयको शैक्षणिक प्रक्रियालाई एउटा रिक्साको रुपमा चित्रण गर्न सकिन्छ । जसरी एउटा रिक्सा सही ढंगले गुड्नको निम्ति तीनवटै पंग्राहरुले समुचित ढंगले कार्य गर्नुपर्दछ अनि कुशल चालकको पनि आवश्यकता पर्दछ । त्यसैगरी विद्यालयको शैक्षणिक प्रक्रियामा समुचित ढंगले अघि बढाउन शिक्षक-विद्यार्थी-अभिभावकको महत्वपूर्ण जिम्मेवारी रहन्छ । यसको साथै सहि ढंगले अघि बढ्नको निम्ति सक्षम विद्यालय प्रशासकको भूमिका पनि महत्वपूर्ण हुन्छ ।
यस कार्ययोजनाको प्रतिवेदनमा चालु शैक्षिक वर्षको प्रस्तावित मूख्य कार्ययोजनाहरु समेटिएका छन् । योजनाहरु सम्पन्न गर्नको निम्ति समय र कार्यप्रक्रिया समेतको एक वर्षे कार्ययोजनाको संक्षिप्त खाका समेत यसैमा समेटिएको छ । त्यसैगरी केही महत्वपूर्ण कार्ययोजनाहरुको विस्तृतीकरण समेत गरिएको छ । यसका साथै विद्यालयको ऐतिहासिक पक्षको संक्षिप्त परिचय पनि समावेश गरिएको छ ।

यो प्रतिवेदनलाई जस्ताको तस्तै प्रीन्ट आउट गरी सम्बन्धित जि.शि.का., स्रोतकेन्द्र र विद्यालयमा समेत राखिनेछ । त्यसैगरी विद्यालयको वेबसाइटमा पनि पी.डि.एफ. फर्म्याटमा अपलोड गरिनेछ ।

## ग. विद्यालयको संक्षिप्त ऐतिहासिक पृष्ठभूमिः

भोजपुर जिल्लाको दक्षिण पूर्वी क्षेत्रमा रहेको सानोदुङमा गा.वि.स. प्राकृतिक तथा हरेक दृष्टिकोणले पछि परेको वर्तमान परिप्रेक्षमा विगतमा प्रजातन्त्रको स्थापना काल ताका नै यस क्षेत्रका दिग्गज व्यक्तित्वहरुको विशेष पहलमा औपचारिक रुपमा विद्यालय स्थापना गरी शैक्षिक स्तर उकास्न खोजिएको प्रयास नितान्त रुपमा सरहनिय कार्य हो । ऐतिहासिक कालमा यो क्षेत्र किरात राईहरुको विशेष बसोवास क्षेत्र भए तापनि पछिल्लो समयमा करिव एक दर्जन जातजातिहरुको सामूहिक मिश्रित समुदायको साझा बसोवास स्थलको रुपमा परिचित छ । किरात राईहरुको बाहुल्यता रहेको जिमि गाउँमा तत्कालिन समयमा अधिकांश पुरुषहरु भारतीय तथा ब्रीटिस सेनामा भर्ती हुन जाने प्रचलन रहेको पाइन्छ । तिनलाई हाम्रो गाउँघरमा लाहुरे भन्ने गरिन्छ । वास्तवमा तीनै भारतीय तथा ब्रीटिस सेनाबाट सेवा निवृत भएका व्यक्तिहरुले विदेशको शैक्षिक विकासको लहर देखेर अनि अनुभूति गरेर आएपछि गाउँमा विद्यालय खोल्न प्रेरित भएको कुरामा द्विमत हुन सक्दैन किनकी यस विद्यालय तिनै लाहुरे सेवा छाडेर गाउँ फर्किएका पेन्सनियरहरुको विशेष चाखमा स्थापना हुन पुगेको कुरा छिपाउन मिल्दैन । धन्य आजभोलि जस्तो लाहुरेहरु गाउँ छाड्ने प्रथा उतिबेला थिएन जसले गर्दा हाम्रो गाउँमा कमसे कम एउटा विद्यालय त स्थापना भयो । किरात राईहरुको बहुल्यता रहेको वस्ती भएकाले किरात राईहरुले आफ्नो मौलिक संस्कृति वा चाड साकेवा अथवा झ्याम्टे पूजाको नाममा यस विद्यालयको नामकरण समेत शुरुमा झ्याम्टे स्कूल रारिएको पाइन्छ । विद्यालय स्थापनामा लाहुरेहरुको मात्र भूमिका थिएन । यहाँका समाजसेवी तथा अग्रणी व्यक्तित्व र सर्वसधारण सबैको उत्तिकै साथ सहयोगले यो विद्यालय स्थापना सफल भएको स्थानीय जानकार व्यक्तिहरु बताउछन् । यहाँ बुदागत रुपमा विद्यालयको ऐतिहासिक पृष्ठभूमि प्रस्तुत गरिएको छ ।
सानोदुम्मा माध्यमिक विद्यालयको अभिलेख अनुसार संक्षिप्त ऐतिहासिक पृष्ठभूमि निम्नानुसार प्रस्तुत गरिएको छ ।

- वि.सं.२०१० साल बैशाख ११ गते स्थानीय शिक्षाप्रेमीहरु तथा सर्वसधारणहरुको विशेष पहलमा **झ्याम्टे विद्यालयको** नामबाट स्थापित ।
- वि.सं.२०११ साल जेठ १ मा डिष्ट्रिक सोल्जर बोर्ड भोजपुरमा **झ्याम्टे अपर प्राइमरी स्कूलको नामबाट स्वीकृत** भइ सञ्चालन निरन्तरता ।
- वि.सं.२०२० साल माघ ९ गते वि.जि.शि.नि. भोजपुर बाट **झ्याम्टे मिडिल इङलिस स्कूलको नाममा स्वीकृत** भइ सञ्चालन निरन्तरता ।

- वि.सं.२०३१ पौष १ गते रा.शि.प.यो. लागु हुँदा **सानोदुम्मा प्राथमिक विद्यालय नमाकरण** हुनुको साथै कक्षा-७ सम्मको पठन पाठनलाई कक्षा १-३ मा सीमित गरिएको ।
- वि.सं.२०४१ सालमा तत्कालिन विद्यालय परिवारको विशेष पहलमा **कक्षा-४ सञ्चालन** अनुमति प्राप्त ।
- वि.सं.२०५९ भाद्र ३० गते क्षेत्रिय शिक्षा निर्देशनालयबाट **नि.मा.तह कक्षा-६ सञ्चालन** अनुमति प्राप्त ।
- वि.सं.२०६७ बैशाख १४ गते **मा.तह (कक्षा-९) सञ्चालन** अनुमति प्राप्त ।
- वि.सं.२०६८ साल देखि **प्रवेशिका परीक्षामा विद्यार्थीहरु सामेल** गराउन सफल ।

## घ. शैक्षिक वर्ष २०७० सालको सालको संक्षिप्त समीक्षाः

शैक्षिक वर्ष २०७० सालमा सानोदुम्मा माध्यमिक विद्यालयले पूर्व निर्धारित योजनावद्ध रुपमा कार्यप्रक्रिया अघि बढाइएको थियो । विद्यालय स्थापना भए देखि यता संभवत २०७० साल नै पहिलो शैक्षिक वर्ष हो, जुन वर्ष अग्रिम रुपमा वार्षिक कार्ययोजना बनाइ सोही अनुरुप वर्ष भरी कार्यन्वयन गरिएको थियो । वर्ष भरीमा गरिने मुख्य कार्यहरुको प्रतिवेदन तयार गरी सो बारेमा शैक्षिक वर्षको शुरु अर्थात बैशाख महिनाको १९ गते आम अभिभावक भेला गरी सम्पूर्ण सरोकारवालाहरुलाई जानकारी गराइएको थियो । सोही योजना अनुरुप श्रावण महिनामा विद्यालयको बजेट निर्माण गरी कार्यन्वयन गरियो । शैक्षिक वर्ष २०७० सालमा सानोदुम्मा माध्यमिक विद्यालयले स-साना कार्यहरुदेखि नै अघि बढ्न थालनि गरेको छ । विद्यालयले प्रगति पथमा लम्कन प्रयास गरेको अनुभव गर्न सकिने गरी शैक्षिक वर्ष २०७० मा केही महत्वपूर्ण कार्यहरुको शुरुवात गरिएको छ । विगतमा भन्दा आम्दानीका स्रोत साधन घटेको परिस्थितिमा पनि विद्यालयले कुनै न कुनै तवरले यस अघि भन्दा विद्यालयको इतिहासमै सम्झन योग्य वर्षको रुपमा विविध महत्वपूर्ण कार्यहरु शुरुवात गर्नै प्रयाश भएका छन्, भन्नु अतिशयोक्ति नहोला ।

शैक्षिक वर्ष २०७० सालमा विद्यालयमा ठूला कार्यहरु कम र स-साना कार्यहरु धेरै भए तापनि प्रायजसो सबै कार्यहरु निकै महत्वपूर्ण कार्यहरु सम्पन्न गरिएको छ । यस अर्थमा उक्त वर्ष ज्यादै उपलब्धिपूर्ण वर्षको रुपमा रहेको पाइन्छ । किनकी अधिकांश कार्यहरु विद्‌यालय स्थापना पश्चातको इतिहासमै पहिलो पटक गरिएका र कतिपय यस दुङमा क्षेत्रकै अन्य विद्‌यालयहरुले समेत शुरुवात नगरेका सु-कार्यहरुको शुरुवात तथा सम्पन्न गरिएकाले स्वमूल्याङकनको आधारमा हामीले गर्व गर्ने प्रशस्त ठाउँ देखिन्छ । तथापि विद्यालयको सबैभन्दा महत्वपूर्ण पाटो शैक्षिक उपलब्धिको पक्षमा विद्यालयको प्रगति मध्यम नै रह्यो । अझ माध्यमिक विद्यालयहरुको मूल्याङ्कन गर्ने अघोषित कसीको रुपमा रहेको प्रवेशिका परीक्षाको नतिजालाई लिइने भएकाले त्यसको परिणाम आउनै बाँकी रहेको छ । तथापि विद्यालय परिवार यस वर्ष धेरै आशावादी छ, सकारात्मक नतिजा आउँनेमा, किनकी यस वर्ष विद्यालयले प्रवेशिका परीक्षार्थीहरुका लागि विगतका वर्षहरुमा भन्दा पृथक तवरले अग्रिम योजना सहित कार्य प्रक्रिया अघि बढाइएको छ ।

भौतिक पूर्वधार विकास पक्षमा पनि यस वर्ष महत्वपूर्ण वर्षको रुपमा रह्यो । स्थनीय सामग्रीहरुको प्रयोग गरी विद्यालय कम्पाउण्ड निर्माण अभिभावकहरुको सहयोगमा सम्पन्न गरिएको छ । जुन कार्य विद्‌यालयको शैक्षिक वातावरण निर्माणमा जति सहयोगीसिद्ध छ । त्यतिकै मात्रमा निर्माण कार्य ज्यादै कठिन थियो ।

सानोदुम्मा मा.वि. ले शैक्षिक वर्ष २०७० सालमा केही तत्काल देखिने तथा धेरैजसो तत्काल नदेखिने कार्यहरु शुरुवात तथा सम्पन्न गरेको  छ। हामीले गरेका कार्यहरुको परिणाम केही वर्ष पछि  वा कैयौ वर्ष पछि देखिनेछ, विद्यालयमा बालबालिकाहरुको सर्वाङ्गिण पक्षको विकासमा गरिएको कार्यहरुको प्रभाव केही वर्ष पछि मात्र देखिनेछ वा विद्यार्थी र अभिभावकहरुले समेत आफैले पछि अनुभूति गर्नुहुनेछ कि ? सानोदुम्मा मा.वि.ले हाल के कसरी कार्यहरु गरेको रहेछ भन्ने...... । विद्यालयको दैनिक प्रसासनिक कार्यसञ्चालन देखि लिएर कार्यालय तथा कक्षाकोठा व्यवस्थापन, वित्तीय व्यवस्थापन, विद्यालय-समुदाय सम्बन्ध अनि अन्य विद्यालय र सरकारी तथा गैरसरकारी नियकायहरुसँगको सम्बन्धमा गरिएको सुधारले पनि विद्यालको प्रगति हुन सफल भएको हो । विगतमा गुमनाम आवस्थामा रहेको सानोदुम्मा मा.वि.ले जिल्लामै आफ्नो पृथक पहिचान बनाउने प्रयासमारत अवस्था छ । जसमा केही हद सम्म सफलता पनि प्राप्त गरिरहेको छ । यस प्रतिवेदनमा शैक्षिक वर्ष २०७१ सालमा विद्यालयद्वारा गरिने प्रगतिशील कार्यहरुको विस्तृत विवरणहरु समेटिका छन् ।

## ङ. शैक्षिक सत्र २०७१ सालका लागि तय गरिएका मूख्य कार्ययोजनाहरु:

यस अन्तर्गत शैक्षिक सत्र २०७१ सालमा पूरा गर्ने गरी तय गरिएका केही कार्ययोजनाका महत्वपूर्ण पक्षहरुको बारेमा बुँदागत रुपमा विभिन्न शीर्षक कअनुसार त्रमशः प्रस्तुत गरिएको छ ।

### नियमित कार्यक्रमहरु:

विद्यालयमा नियमित रुमा सञ्चालन भइरहने केही कार्यक्रमहरु हुन्छन् । जुन साप्ताहि रुपमा कुनै मासिक रुपमा त कुनै द्वैमासिक तथा त्रैमासिक रुपमा पनि सञ्चालन गर्ने गरिन्छ । सानोदुम्मा मा.वि. ले यस वर्ष सञ्चालन गर्ने गरेका केही नियमित कार्यक्रमहरु प्रस्तुत गरिएको छ ।

### १. विद्यालयको दैनिक कार्यतालिका

यस वर्ष सानोदुम्मा मा.वि. दैनिक कार्यतालिकामा गत वर्षको भन्दा केही परिमार्जन गर्ने योजना गरिएको छ । यस वर्ष अन्य समयलाई यथावत राखि विहान प्राथना समय पश्चात लाग्ने पहिलो घण्टीमा केही हेरफेर गरिएको छ । विगतमा १०:१५ मा पहिलो घण्टी लगाउदा पहिलो घण्टीको पढाईलाई कक्षागत गीत र कहिलेकाँही कक्षामै गरिने हजिरीले हदैसम्मको प्रभावित पारेको अनुभव गरिएकाले यस वर्ष पहिलो घण्टी १०:१० मै लगाउने नियम अघि सारिएको छ । यसले केही हदसम्म भएपनि पहिलो घण्टीमा सिक्षण सिकाइलाई समय बचत गराउनेछ ।

यस वर्ष सानोदुम्मा मा.वि. मा दैनिक कार्यतालिकालाई गतिशिल बनाउने प्रयत्न गरिनेछ । विगतमा शैक्षिक वर्षको शुरुवातमा बनाइएको दैनिक कार्यतालिका नै वर्ष भरी कार्यन्वयनमा ल्याइने गरिएकोमा त्यसमा केहि कमजोरीहरु महसुस गरिएकाले यो सालबाट आवश्यक्तानुर जुनसुकै समयमा वा दैनिक कार्यतालिका बनाई कार्यन्वयन गर्ने योजना बनाइएको छ । यसबाट कुनै शिक्षक अनुपस्थित भएको अवस्थामा उत्पन्न हुने शिक्षक विहिन कक्षाकोठाहरुमा त्यस समयमा लिजर पिरीयडमा रहेको शिक्षक/हरु बाट कक्षा सञ्चालन गर्न सकिनेछ । जसको परिणामस्वरुप थोरै शिक्षक उपस्थित भएका दिनमा पनि धेरै कक्षा सञ्चालन गर्न सकिनेछ । लिजर पिरिएडमा समय खेर फाल्ने मौका हुने छैन । त्यसैगरी लिजर पिरियडमा आफ्नो शिक्षण घण्टी सकेर समयमै विद्यालयबाट बाहिरिने परिपाटीको अन्त्य गराउन सकिनेछ ।

## २. नियमित बैठक तथा छलफल अन्तरक्रिया

यस वर्ष गत वर्ष झैं विद्यालयमा वि.व्य.स. अ.शि.स. तथा शिक्षक स्टाफ बैठक नियमित राखिनेछ । बैठकमा विशेष गरी विद्यार्थीहरुको शैक्षिक सुधारको सम्बन्धमा छलफल अन्तरक्रिया गरिनेछ । अभिभावकहरुको संलग्नता विना विद्यालय शिक्षा अपूरो हुने तथ्यलाई मध्यनजर गरी विद्यालयको भौचिक पूर्वाधार विकास तथा अन्य विविध पक्षहरुको काम कारवाहीहरु अगाडी बढाउँदा आम अभिभावकहरुको प्रत्यक्ष सहयोग तथा जानकारी गरिनेछ साथै आम अभिभावक तथा अभिभावकहरुका प्रतिनीधिका रुपमा रहनु भएका वि.व्य.स. तथा अ.शि.संघ कार्यकारी समितिको बैठक,भेला राखेर मात्र महत्वपूर्ण निर्णयहरु गरिनेछ ।

## ३. अभिभावक घरदैलो भेटघाट कार्यक्रम

विद्यार्थीहरुको शैक्षिक अवस्थाको बारेका जानकारी आदान-प्रदान गर्न तथा विद्यालय-समुदाय सम्बन्ध सुमधुर बनाउन कार्यतालिकानुसार विशेष गरी प्रअ.द्वारा अभिभावकहरुलाई घरदैलोमै भेटघाट गर्ने कार्यक्रम राखिएको छ । यो कार्यक्रम विशेष गरी समुदायमा कामको चटारो कम भएको समय मिलाएर गरिनेछ ।

## ४. विद्यार्थी प्रगति विवरण

विद्यार्थीहरुको निरन्तर मूल्याङकन गरी त्यसको सुचना अभिभावकहरु समक्ष पुऱ्याउने कार्य गत वर्ष शुरुवात गरिएको हो । जसको प्रतिक्रिया तथा प्रभाव सकारात्मक रहेको निष्कर्ष निकालिएको छ । त्यसैले यसलाई यो वर्ष पनि निरन्तरता प्रदान गरिनेछ । पाठ्यक्रमले निर्धारण गरे बमोजिमको तथा अन्य समयमा पनि विषय शिक्षकहरु मार्फत विद्यार्थीहरुको मूल्याङ्कन गरी अभिलेख राखिनेछ । अभिभावकहरुलाई खास गरी पहिलो-दोश्रो त्रैमासिक र अन्तिम परीक्षाको नतिजाको जानकारी गराइनेछ ।

## ५. अतिरिक्त क्रियाकलाप

शैक्षिक सत्र २०७० मा शैक्षिक क्यालेण्डर प्रकाशन गरी त्यसमा उल्लेख गरिएका तथा केही थप अतिरिक्त कृयाकलापहरु समेत सम्पन्न गरिएको थियो । त्यसबाट विद्यालय परिवार ज्यादै प्रभावित भएको छ । गत वर्षको अनुभवहरुलाई समेट्दै यस वर्ष हरेक हप्ता, प्रायजसो हरेक शुक्रबार केही न केही कार्यक्रम राखिएको छ । गत वर्ष चाहिं हरेक हप्ता अतिरिक्त कृयाकलाप राखिएको थिएन । गत वर्षको बालबालिकाको अतिरिक्त कृयाकलाप प्रतिको झुकावबाट प्रभावित भइ यस वर्ष भरी सञ्चालन गरिने सम्पूर्ण अतिरिक्त कृयाकलापहरुको विवरण समेटिएको शैक्षिक क्यालेण्डर-२०७१ प्रकाशन गरी हरेक विद्यार्थीहरुलाई वितरण गरिएको छ । क्यालेण्डर मार्फत विद्यार्थीहरुले आगामि कार्यक्रमहरुको बारेमा जानकारी पाएर स्वतस्फूर्त रुपमा अग्रिम तयारी समेत गर्ने गरेका गत सालको अनुभव संगाल्दै यस पटक पनि शैक्षिक क्यालेण्डर प्रकाशन गरिएको हो । यस वर्षको अतिरिक्त त्रियाकलापहरुको सम्बन्धमा गरिएका योजनाहरु :

- गत शैक्षिक सत्रमा झैं यस वर्ष पनि प्राय हरेक शुक्रबार नियमित रुपमा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ । अतिरिक्त क्रियाकलाप अन्तर्गत विद्यार्थीहरुको स्तर, उमेर, मानसिक तथा वौद्धिक क्षमता र रुचि अनुसारको विविध क्रियाकलापहरु सञ्चालन गर्ने योजना गरिएको छ ।
- धेरै विद्यार्थीहरुलाई समेट्न सकिने तथा धेरै विषयवस्तुहरुको जानकारी प्रदान गर्न सहयोग पुग्ने भएकाले *हाजिरी जवाफलाई* बढि प्रथामिकता दिइएको छ । हरेक महिना कम्तीमा एक पटक हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गर्ने गरी योजना बनाइएको छ ।

- यो वर्ष *बादविवाद, बक्तृत्वकला, चित्रकला, साहित्य,गीत संगीत-गायन, नृत्य, शारीरिक तथा बौद्धिक खेलकूद* आदि सबै किसिमका अतिरिक्त क्रियाकलापहरु समावेश गरिएको छ ।
- हरेक अतिरिक्त क्रियाकलापमा विजेता विद्यार्थीहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ । साथै सहभागीता मात्र जनाउने विद्यार्थीहरुलाई समेत एउटा *बलपेन (डटपेन)* सान्त्वना स्वरुप पुरस्कार प्रदान गरिनेछ ।
- यस वर्ष पनि स्थानीय रुपमा प्रचलित तर हाल लोप हुन लागिसकेको पुरानो खेल *बागचाल* लाई संरक्षण गर्ने हेतुले गत साल झैं समावेश गरिएको छ ।
- गीत संगीतको सन्दर्भमा विशेष गरि नेपाली स्वदेश गान अर्थात देशभक्तिले ओतप्रोत गीत संगीत तथा मौलिक नेपाली लोक संस्कृति झल्किने गीत संगीत लाई प्राथमिकता दिइने छ ।

## च. शैक्षिक उपलब्धि अभिवृद्धि पक्ष

सानोदुम्मा मा.वि. ले शैक्षिक वर्ष १०७१ सालमा बालबालिकाको शैक्षिक उपलब्धि अभिवृद्धि गराउने मूख्य तपशिल बमोजिमका कार्ययोजनाहरु सम्पन्न गर्ने प्रस्ताव गरिएको छ । विद्‌यालयमा गरिने प्रायजसो हरेक कार्यहरु नै बालबालिकाको शैक्षिक पक्षसँगै जोडिएको हुन्छ । तथापि विशुद्ध शैक्षिक पक्षको रुपमा केही कार्ययोजनाहरु यसमा समेटिएका छन् ।

### **१. प्राथमिक तहका लागि उच्च प्राथमिकता**/[HP$^2$-Programme]

यस वर्ष सानोदुम्मा मा.वि.मा प्राथमिक तहको शैक्षिक स्तर उकास्नको निम्ति विशेष पहल गर्ने गरी High Priority for Primary level [HP$^2$-Programme] योजना अघि सारिएको छ । यस अन्तर्गत प्राथमिक तहको शिक्षण-सिकाइको अवस्थामा प्र.अ.द्वारा अन्य तहभन्दा बढि निगरानी निरन्तर राखी आवश्यक काम कारवाहीहरु गर्ने । शैक्षिक सामग्रीहरु उपलब्ध गराउने । बालबालिकाको उमेर सुहाउदो कक्षाकोठा व्यवस्थापनका जोड दिने । निरन्तर मूल्याङकन फाराम हचुवाको भरमा तयार पार्ने प्रवृत्तिलाई सकभर निरुत्साहित गर्ने परिपाटीको शूरुवात गर्ने । समय-समयमा अभिभावक-शिक्षक अन्तरक्रिया राख्ने । विद्यार्थी अनियमितता घटाउने खालका अन्य कार्यक्रमहरु ल्याउने आदि ।

### **२. प्राथमिक तहका लागि अतिरिक्त कक्षा सञ्चालन**/[CSC-on the spot programme]

प्राथमिक तहमा अध्ययनरत बालबालिकाहरुको शैक्षिक स्तर उकास्न तथा फुर्सदिलो समयलाई सिकाईमा सदुपयोग गर्न यस वर्ष Children Support Class[CSC-on the spot programme] बालबालिका रहेका टोल-टोलमा सञ्चालन गर्ने योजना राखिएको छ । यो कार्यक्रम विशेष गरी हिउँदको समयमा विहान-बेलुकी चलाइनेछ । हिउँदमा घरमा काम नहुने सिजनमा बालबालिका खेलेर समय विताउने हुनाले सो समयमा वडा-वडामा स्थानीय अभिभावकहरुसँग समन्वय गरी स्थानीय स्वयंसेवकहरु तय गरी टोल-टोलमा कक्षा सञ्चालन गरिनेछ । यसका लागि केही रकम अभिभावकहरुले संकलन गरी स्वयंसेवकलाई उपलब्ध गराउन पनि सकिनेछ । यो कार्यक्रम पक्कै पनि प्रभावकारी हुनेछ । गत वर्षको पनि यस किसिमको योजना गरिएकोमा कार्यन्वयन गर्न नसकिएको हुनाले विगतबाट पाठ सिक्दै यो वर्ष जसरी भए पनि कार्यन्वयन गर्ने पक्षमा विद्‌यालय प्रशासनको लक्ष्य रहेको छ । यो कार्य क्रम मंसीर महिना देखि सञ्चालन गर्ने योजना गरिएको छ ।

## ३. एस.एल.सी. विशेष प्याकेज कार्यक्रम

शैक्षिक वर्ष २०७१ सालको प्रवेशिका परीक्षाका सामेल हुने विद्यार्थीहरुका निम्ति गत वर्षको झैं एस.एल.सी विशेष प्याकेज कार्यक्रम ल्याइनेछ । गत वर्षको कार्यन्वयन गरिएको **एस.एल.सी. विशेष प्याकेज कार्यक्रम**

को सकारात्मक प्रभाव रहेकाले गत सालकै कार्यक्रममा केही थप कार्यक्रमहरु समावेश गरेर प्र.अ. द्वारा प्याकेज प्रस्तवाना पत्र तयार पारी वि.व्य.स.मा पारित गराई कार्यन्वयन गरिनेछ साथै सरोकारवाला निकायहरुमा समेत पेश गरिनेछ । उक्त कार्यक्रममा शैक्षिक सामग्रीको प्रवन्ध, विद्यार्थी-अभिभावक सम्पर्क समन्वय, विद्यार्थीहो नियमित निगरानी, प्रोत्साहन, अतिरिक्त कक्षा सञ्चालन, आवसीय सुविधा सहितको तयारी कक्षा आदि रहनेछन् ।

## ४. शैक्षिक सामग्री

विद्यालयको कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलाप उद्देश्यमूलक,प्रभावकारी एवम् रोचक बनाउन शैक्षिक सामग्रीको विशेष महत्व रहन्छ । शैक्षिक सामग्रीको प्रयोग गरी अध्यापन गरउन सकेमा बालबालिकाहरुले थोरै समयमा धेरै कुराहरुको ज्ञान सीपहरु ग्रहण गर्न तथा अनुभव लिन सक्दछन् । कुनै शैक्षिक सामग्रीहरु स्थानीय स्तरमा निर्माण गर्न सकिने पनि हुन्छन र कुनै सामग्री किनेर पनि व्यवस्था गर्नुपर्ने हुन्छ । हाम्रो विद्यालयमा बजारबाट किनेर ल्याउनुपर्ने शैक्षिक सामग्रीहरुको उपलब्धता ज्यादै न्यून रहेको छ । यस वर्ष शैक्षिक सामग्री सम्बन्धमा देहाय बमोजिमका रणनीतिहरु अपनाइने छ,

- कक्षाकोठामा स्थानीय स्तरमा निर्माण गर्न सकिने र पाइने सामग्रीहरुको पहिचान गरी सम्बन्धित विषय शिक्षकले अधिकतम प्रयोग गर्ने-गराउने वातावरणको सिर्जना गर्ने ।
- हरेक स्टाफ बैठकमा आवश्यक सामग्री सम्बन्धमा छलफल गरी व्यवस्थापन गर्ने, गराउने ।
- विद्युतीय-डिजीटल शैक्षिक सामग्रीहरुको प्रयोग तर्फ विद्यालयलाई क्रमश: रुपान्तरण गर्दै जाने ।
- विद्यालयमा आवश्यक पर्ने विद्यार्थी संख्या अनुसारको विविध शैक्षिक सामग्रीहरु सकेसम्म यस वर्ष पनि थप व्यवस्था गरिनेछ । *(क्रमश: सालिन्दा थप्दै लगिने छ ।)*
- विज्ञान प्रयोगशालाको केही सामग्रीहरु यस वर्ष थप व्यवस्था गर्ने । बढि मूल्य पर्ने सामग्रीहरु स्रोत व्यवस्थापन गरी खरिद गर्ने ।
- न्यूनतम आवश्यक विषयगत सामग्रीहरु थप गर्ने ।
- स्थानीय सामग्रीहरु शिक्षक, विद्यार्थीहरु मार्फत निर्माण गरी व्यवस्थापन गर्ने परिपाटीको विकास गर्ने ।
- हरेक शैक्षिक वर्ष विद्यालयलाई प्राप्त हुने शैक्षिक सुधार व्यवस्थापन कोष (PCF: non salary fund) बाट शैक्षिक सामग्रीका लागि रकम व्यवस्थापन गर्ने ।

# छ. सुचना तथा सञ्चार प्रविधि

सुचना तथा सञ्चार प्रविधि मानिसको दैनिक अत्यावश्यक स्रोत-साधन भइसकेको साथै नेपालको शैक्षिक प्रक्रियामा समेत यसको अपरिहार्याता बढोत्तरी हुँदै गएको परिप्रेक्षमा सानोदुम्मा मा.वि.ले शैक्षिक सत्र २०७१ सालमा विद्यालयमा सुचना तथा सञ्चार प्रविधिको पहुँच अभिवृद्धिको लागि विशेष जोड दिनेछ । यस वर्ष देखि विद्यालयको आफ्नो स्लोगन ***"शिक्षामा सुचना तथा सञ्चार प्रविधि-शैक्षिक रुपान्तरण र समुन्नति"*** भन्ने तय गरी सो नारालाई आत्मासात् गरी विद्यालयमा सुचना तथा सञ्चार प्रविधिको पहुँच अभिवृद्धि गर्ने निम्न कार्यक्रमहरु सम्पन्न गर्ने योजना गरिएको छ ।

## १. शिक्षण सिकाइ प्रक्रियामा मल्टिमिडियाको प्रयोग

शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउने उद्देश्यले यस वर्ष मल्टिमिडियाको प्रयोगमा जोड दिइनेछ । यसका लागि आवश्यक केही उपकरणहरु विद्यालयले प्रवन्ध गरिसकिएको छ, जस्तैः Projector, Computer, Audoi-Visual Materials आदी । अन्य अत्यावश्यक सामग्रीहरु पनि व्यवस्था गरीनेछ । यस वर्ष सकेसम्म Midas को Edu. Kit हरु र अन्य virtual/Digital Educational materials को पनि आर्थिक अवस्थाले भ्याएसम्म प्रवन्ध गरिनेछ । सबै कक्षामा नसकिए तापनि प्राथमिक र कक्षा १० का लागि सक्दो प्रयास गरिनेछ ।

## २. शिक्षकहरुका लागि कम्प्युटर कक्षा सञ्चालन

सानोदुम्मा माध्यमिक विद्यालयमा हाल कार्यरत अधिकांश शिक्षकहरु कम्प्युटर निरक्षर रहेको अवस्थाले विद्यालयको कतिपय महत्वाकांक्षी योजनाहरु प्रभावित हुने अवस्था रहेकाले यस वर्ष विद्यालयमा उर्जाको कार्यक्रम सफल भएमा अनिवार्य शिक्षक कम्प्युटर प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ । यो कार्यक्रम संभवत मंसीर-पौष महिना ताका करिव १-२ महिनाको हुन सक्नेछ । यसको लागि प्राविधिक सहायता विद्यालयका प्र.अ. मार्फत प्रदान गरिनेछ । भौतिक उपकरणहरु सानोदुम्मा मा.वि. कै उपयोग गरिनेछ । साथै सकेसम्म शिक्षकहरुकै लगानीमा एक शिक्षक एक ल्यापटपको अवधारणा ल्याइनेछ । यस कार्यक्रमबाट शिक्षकहरुलाई दैनिक अत्यावश्याक प्रयोजनका लागि कम्प्युटर प्रयोग गर्न सक्षम बनाउन सकिने उद्देश्य राखिएको छ ।

## ३. विद्यार्थीहरुका लागि कम्प्युटर कक्षाको व्यवस्था

गत शैक्षिक वर्षमा कक्षा-६ मा कम्प्युटर विषय लिएका विद्यार्थीहरुका लागि मात्र कम्प्युटर कक्षा सञ्चालन गर्न सकियो । यस पटक अन्य विद्यार्थीहरु विशेष गरी कक्षा-१० का विद्यार्थीहरुका लागि अतिरिक्त कम्प्युटर कक्षा सञ्चालन गर्ने योजना रहेको छ । समय र उर्जाको व्यवस्थापन गर्न सकिएको खण्डमा यो कार्य अन्य कक्षाहरुमा समेत सञ्चालन गरिनेछ । सबै तहका बालबालिकाका लागि कम्प्युटरको सामान्य परिचय गराउने प्रवन्ध अनिवार्य रुपमा समय मिलाएर गरिनेछ ।

## ४. विद्यालय सुचना प्रणाली सफ्टवेयरको प्रयोग

विद्यालयका सम्पूर्ण गतिविधिहरु तथा सुचनाहरुलाई समयको माग सुहाउदो सहज ढंगले डटा इन्ट्री गर्नको निम्ति यस वर्ष सानोदुम्मा मा.वि.ले विद्यालय सुचना प्रणाली सफ्टवेयर (School Information System Software) को प्रयोग गर्ने लक्ष्य राखेको छ । यसका लागि कुनै वैकल्पिक माध्यमबाट आर्थिक सहायता जुट्न सकेको खण्डमा विद्यालयका सम्पूर्ण गतिविधहरु तथा सुचनाहरु सबैको पहुँचमा पुग्ने सक्ने तवरले वैज्ञानिक ढंगले आजकल केही प्रतिष्ठित कलेजहरुले उपयोग गरिरहेको सफ्टवेयर खरिद गरेर वा आफ्नै सफ्टवेयर निर्माताहरुलाई विकास गर्न लगाएर यो कार्ययोजना सम्पन्न गर्ने लक्ष्य रहेको छ । यसकार्य सम्पन्न गर्न सकिएको खण्डमा विद्यालयको सम्पूर्ण गतिविधिहरु सरोकारवाला निकाय तथा व्याक्तिहरुले चाहेको समयमा विश्वको जुनसुकै कुनाबाट पनि हेर्न संभव हुनेछ ।
*(कुनै व्यक्तिगत तथा संस्थागत आर्थिक सहायता प्राप्त हुन आएमा मात्र कार्यन्वयन गरिने योजना हो । )*

## ५. उच्च गतिको इन्टरनेट कनेक्टीभिटी

गत वर्ष नै लक्ष्य राखिएको भए तापनि विद्यालयमा उच्च गतिको इन्टरनेट कनेक्टीभिटीको सुविधा आर्थिक अभावले गर्दा व्यवस्थापन गर्न नसकिएकाले यस वर्ष गा.वि.स. सानोदुम्माको कार्यालयसँग सहकार्य गरी नेपाल टेलिकमद्वारा पछिल्लो समयमा व्यापक वितरण भइरहेको Y Max [Wireless High Speed Broadband: 4G] विद्यालयमा जडान गर्ने योजना राखिएको छ । विद्यालयमा हाल प्रयोग भइरहेको Wireless Sky Pro खर्चिलो तथा धेरै वटा कम्प्युटरहरुमा प्रयोग गर्न नमिल्ने भएकाले Y Max जडान गरी WiFi सुविधायुक्त विद्यालयको रुपमा स्थापित गरिनेछ । साथै इन्टरनेट सुविधालाई शिक्षण र सिकाई कार्यमा सदुपयोग गर्ने गराउने सम्बन्धमा समेत सचेततताका साथ कार्य गरिनेछ ।

### ६. वेवसाइट अद्यावधिक

विद्यालयको आधिकारिक वेवसाइट www.sanodumma.edu.np हाससालै मात्र निर्माण श्री जि.शि.का. भोजपुरमा एक औपचारिक कार्यक्रम राखी विमोचन समेत गरिसकिएको छ । वेबसाइटमामा विद्यालयका आधिकारीक जानकारी तथा सुचना विवरणहरु अद्यावधिक गरिनेछ । साथै साइटमा पूरा गर्न बाँकी केही केही विवरणहरु अपलोड गरी पूर्णता प्रदान गरिनेछ ।

### ७. सामाजिक सञ्जाल अभियान

यस विद्यालयद्वारा गत साल देखि सञ्चालन गर्दै आइएको विद्यालयको सम्पूर्ण गतिविधिहरु सार्वजानिक गर्ने तथा सुभाव-प्रतिक्रिया अदान-प्रदान गर्ने अनि देश-विदेशबाट आर्थिक तथा भौतिक सहायता जुटाउने गरी www.facebook.com/groups/sanodumma.edu फेसवुक ग्रूप र www.facebook.com/sanodumma.edu फेसवुक पेजलाई निरन्तरता दिइनेछ । विद्यालयको Youtube पनि पेज बनाइसकिएको र आउने दिनहरुमा विद्यालयका गतिविधिसँग सम्बन्धित Video Clips अपलोड गरी राखिनेछन् । हाल आम नेपालहरुले रुचाएका सामाजिक सञ्जालहरु Facebook अनि अथाह Video हरुको अनलाइन भण्डार Youtube नै अधिकतम प्रभावकारी महसुस गरिएको छ । त्यसैगरी अन्य उपयोगी सामाजिक सञ्जालहरुमा पनि विद्यालयका गतिविधिहरु तथा जानकारीहरु अद्यावधिक गराइ राख्न प्रयास गरिनेछन् ।

### ८. सुचना तथा सञ्चार प्रविधिका सामग्रीहरु थप गर्ने

यस वर्ष विदालयमा सुचना तथा सञ्चार प्रविधिका सामग्रीहरुमा विशेष गरी कम्प्युटर थप्ने योजना गरिएको छ । आर्थिक व्यवस्थापन गर्न सकिएको खण्डमा विद्यार्थीहरुलाई शिक्षणमा उपयोगी हुने तथा उर्जाका कम खपत गर्ने मल्टीयुजर कम्प्युटरहरुको व्यवस्था गर्न जोड दिइनेछ ।

## ज. शिक्षक-कर्मचारी, अभिभावक र विद्यार्थी

विद्यालयको शैक्षिक तथा समग्र पक्षको विकास एवम् रुपान्तरणका निम्ति कार्यरत शिक्षक-कर्मचरी, स्थानीय अभिभावक र विद्यार्थीहरु पक्ष सबैको ज्यादै महत्वपूर्ण भूमिका रहन्छ । त्यसैले यस कार्ययोजनामा विद्यालय विकासका नितान्त नजिकको सम्बन्ध राख्ने प्रस्तुत पक्षहरुको सम्बन्धमा गरिएको व्यवस्थाहरु पनि संक्षेपमा उल्लेख गरिएको छ ।

## १. शिक्षक पक्षमा:

शिक्षक पक्षमा तपशिल बमोजिमका कार्यहरुलाई गत सालकै निरन्तरता दिइनेछ:

- शिक्षकहरुले घण्टी लागेको बढिमा पाँच मिनेट भित्रमा आफूले पढाउनुपर्ने कक्षामा प्रवेश गरिसक्नुपर्नेछ साथै अर्को घण्टि नलागे सम्म अति जरुरी काम परेको बाहेक कक्षाकोठा बाहिर निस्कन मनाही गरिनेछ ।
- विद्यालयद्वारा जारी गरिएको शिक्षक आचार संहिताको अक्षरस पालना गर्नु पर्ने ।
- शिक्षक स्टाफ बैठकमा आफ्ना समस्या तथा अनुभवहरु अदान-प्रदान गर्ने ।
- शिक्षकहरुले आफूले अध्यापन गराउने विषय प्रति पूर्ण जिम्मेवार हुनुको साथै जवाफदेहीता [Accountability] अनिवार्य रुपमा लिनुपर्नेछ ।
- शिक्षक तथा कर्मचारीहरुको विद्यालय अनुपस्थितिमा विशेष कडाइ गरिनेछ । हाजिर नभएको दिनहरुको अभिलेख राखि नियमानुसार कारवाही गरिनेछ ।
- शिक्षकहरुले विदामा बस्नु परेमा काबु बाहिरको परिस्थिति बाहेक अनिवार्य पूर्व स्वीकृति लिनु पर्नेछ ।
- हरेक शिक्षकहरुलाई एउटा कक्षाको वर्ग शिक्षकको रुपमा जिम्मेवारी दिइनेछ । जसले उक्त कक्षाको विद्यार्थीहरुको दैनिक हाजिरी अभिलेअख अद्यावधिक गरी राख्नुको साथै विद्यालय प्रशासनमा मासिक रुपमा जानकारी दिनुपर्नेछ ।
- शिक्षकद्वारा महिना भरि गरिएका महत्वर्ण कार्यहरुको विवरण प्रतिवेदन मासिक स्टाफ बैठकमा पेस गर्नु पर्नेछ ।
- शिक्षकले आफूले अध्यापन गराउने कक्षा र विषयहरुमा विद्यार्थीहरुको एकाइ परीक्षा, मासिक परीक्षा तथा अन्य उपलब्धी परिक्षण आफैले अनुकुल समय मिलाइ गर्नुपर्नेछ । त्यसको अभिलेख समेत राख्नुपर्नेछ ।
- प्रत्येक शिक्षकले शैक्षिक क्यालेण्डरमा उल्लेख गरिएको समय सीमा भित्र अनिवार्य **TIP** निर्माण गरिसक्नुपर्नेछ ।
- प्रत्येक शिक्षकले आफूले अध्यापन गराउने विषयको पाठ्यक्रम, शिक्षक निर्देशिका तथा सन्दर्भ सामग्रीहरुको अधिकतम उपयोग गरी प्रभावकारी शिक्षण गर्नु पर्नेछ । त्यसको नियमित सुपरिवेक्षण र अनुगमन प्र.अ. बाट साथै स्रोतयक्ति र वि.नि. मार्फत समय-समयमा सुपरिवेक्षण र निरीक्षण गराउने व्यवस्था गरिनेछ ।
- शिक्षण सिकाइ क्रियाकलापमा स्थानीय तथा उपलब्ध शैक्षिक सामग्रीहरुको अधिकतम निर्माण तथा प्रयोग गर्नु पर्नेछ । त्यसको अनुगमन तथा सुपरिवेक्षण प्र.अ. ले नियमित रुपमा गरी अभिलेख राख्ने व्यवस्था मिलाइनेछ ।
- CAS निरन्तर भर्नु पर्नेछ । CAS मा विद्यार्थीको उपलब्धीको मापन गर्दा दिइने रेजा संख्याको आधार विषय शिक्षकले कुनै पनि समयमा माग गर्दा पेस गर्नुपर्ने प्रावधान राखिनेछ ।
- शिक्षकहरुद्वारा जाँच गरिएको विद्यार्थीहरुका उत्तरपुस्तिकाहरु सबै विद्यालयमै संकलन गर्नुपर्नेछ ।
- विद्यालय प्रशासनद्वारा निर्देशित बाहेक विद्यालय समयमा विद्यालयसँग सम्बन्धित काम मात्र गर्नुपर्ने ।

## २. विद्यार्थी पक्षमा:

- विद्यालयद्वारा जारी गरिएको विद्यार्थी आचार संहिता अक्षरस पालना गर्नुपर्ने ।
- विद्यार्थीहरुको दैनिक उपस्थितिलाई सबभन्दा जोड दिइनेछ । वर्ष दिनमा हाजिरी नपुग भएका कुनै पनि विद्यार्थीलाई विशेष परिस्थिति बाहेक अर्को कक्षामा अपग्रेड गरिने छैन । *(शिक्षा नीति-नियमसँग नबाझ्ने गरी)*

- विद्यार्थीहरुलाई अनुशासन र नैतिकताको सवालमा कडाइ गरिनेछ । वास्तवमा शिक्षा भनेकै सकारात्मक व्यवहार परिवर्तन प्रक्रिया भएकाले विद्यार्थीहरुको सकारात्मक व्यवहार परिवर्तनमा जोड दिइनेछ ।
- गत वर्ष लागु गरिएको गयल हुने विद्यार्थीहरुलाई लाग्ने दैनिक जरिवानालाई निरन्तरता दिइनेछ । *(रु.१ दैनिक)*
- गत वर्ष देखि नै लागु गरिएको विद्यालय समयमा विद्यालयबाट भाग्ने विद्यार्थीहरुलाई लाग्ने जरिवानालाई पनि निरन्तरता दिइएको छ । *(रु. ५ दैनिक)*
- विद्यार्थीहरुले विदा लिनु परेमा अभिभावकको स्वीकृति सहितको पत्र पेश गरेमा महिनामा ३ दिन सम्म जरिवाना छुट दिइनेछ, अन्यथा जरिवाना लाग्नेछ ।
- विद्यार्थीहरुको विदा र हाजिरी सम्बन्धमा वर्गशिक्षकहरुलाई जिम्मेवारी प्रदान गरिनेछ । वर्गशिक्षकहरुले हरेक महिनाको अन्तिम दिन वा अर्को महिनाको पहिलो हप्ता भित्र त्यस्तो विवरण विद्यालय प्रशासनलाई उपलब्ध गराउनु पर्नेछ ।
- विद्यार्थीहरुलाई विद्यालय पोशाकको अनिवार्यता गराइनेछ । विशेषगरी छात्रा केटीहरुलाई स्कर्ट वा फ्रकको सट्टामा पइण्ट लगाउन प्रोत्साहन गरिनेछ । किनकि विद्यार्थीहरुलाई कतिपय शारीरिक क्रियाकलापहरु तथा खेलकूदको कार्यहरुमा सरिक गराउन पोसाकले पनि अप्ठयारो स्थिति सिर्जना हुन सक्ने अनुभव गरिएको छ ।
- विद्यार्थीहरुलाई अभिभावक भेला, भेटघाट, छलफल, अन्तरक्रिया र परामर्श को कार्यक्रममा सहभागी गराइनेछ ।
- विद्याथीहरुलाई विद्यालय समयमा Mobile प्रयोगमा अंशिक रुपमा प्रतिबन्ध को व्यवस्था गरिनेछ । केही सर्तहरु लागु गरेर Mobile प्रयोग गर्न दिन सकिनेछ ।
- विद्यर्थीहरुले विषय शिक्षक तथा विद्यालयद्वारा निर्धारण गरिएको गृहकार्य,परियोजना कार्य, प्रयोगात्मक कार्य आदि सबै समयमा पूरा गर्नु पर्नेछ ।
- विद्यार्थीहरुको मूल्याङ्कन विषय शिक्षक, विद्यालयको परीक्षा तथा मूल्याङकन समिति र प्र.अ. को संयुक्त वा छुट्टाछुट्टै प्रयासबाट गरिनेछ ।
- हरेक विद्यार्थीहरुको निरन्तर मासिक उपलब्धी परिक्षण गरिनेछ, त्यसको अभिलेख विद्यालयमा राखिनेछ, र त्यसको वैधानिकताको लागि प्र.अ.ले निरन्तर रुपमा र समय समयमा स्रोतव्यक्ति र वि.नि. मार्फत निरीक्षण एवम् सुपरिवेक्षण गराइनेछ ।
- विद्यार्थीहरुलाई सामाजिक सेवाको भावना विकास गराउन तथा सामूहमा काम गर्ने बानीको विकास गराउन आवश्यक्ता परेको समयमा विद्यालयको सरसफाई तथा अन्य स-साना कार्यमा सरिक गराइनेछ ।

## ३. अभिभावक पक्षमा:

- विद्यालयद्वारा जारी गरिएको अभिभावक आचार संहिता अक्षरस पालना गर्नुपर्ने ।
- विद्यालयमा अभिभावक भेटघाट कार्यक्रमहरु हुँदा अनिवार्य उपस्थित हुनुपर्नेछ ।
- आफ्ना बालबालिकाहरुको शैक्षिक अवस्थाको बारेमा विद्यालय तथा शिक्षकहरुसँग निरन्तर सम्पर्कमा रहने वातावरण बनाइनेछ ।
- अभिभावकहरुले बालबालिकालाई नियमित विद्यालय पठाइ सहयोग गर्नु पर्नेछ ।
- बालबालिकालाई शैक्षिक सामग्रीहरु तथा थप स्वाध्ययन सामग्रीहरुका व्यवस्था गरिदिनु पर्नेछ ।
- बालबालिकालाई घरमा अध्ययनको लागि समय मिलाउनको साथै पढ्ने कोठा र बत्तीको राम्रो प्रवन्ध गरिदिनु पर्नेछ ।

- बालबालिकालाई दैनिक हरियो सागसब्जी, गेडागुडी,फलफूलहरु अथवा सन्तुलित भोजन तथा ताजा खानेकुराहरु खुवाइ स्वस्थ बनाउनु पर्नेछ ।
- बालबालिकाको स्वास्थ्य, सरसफाइमा ध्यान पुऱ्याउनु पर्नेछ ।
- बालबालिकालाई श्रमप्रति सकारात्मक भाव राख्न उत्प्रेरित गर्न अनुरोध गर्ने ।
- आफ्ना मौलिक धर्म, संस्कार, भाषा, कला र संस्कृतिको अनुभुति गर्ने अवसर साथै त्यसको असल पक्षको अनुसरण गराउनु पर्नेछ ।
- बालबालिकालाई हरेक स्थान र परिस्थितिमा अनुशासित, नैतिकवान एवम् मऱ्यादित आचरण अपनाउन उत्प्रेरित गर्नु पर्नेछ ।
- बालबालिकालाई अनिवार्य विद्यालय पोसाकको व्यवस्था गरिदिनु पर्नेछ ।
- बालबालिकालाई मादक पदार्थ तथा धुम्रपानबाट विलकुल टाढा राख्नु पर्नेछ ।

### ४. विद्यालय सहयोगी पक्षमा:

विद्यालयलाई सुचारु ढंगले अगाडी बढाउनको निम्ति विद्यालय सहायकको महत्वपूर्ण भूमिका रहन्छ । जसरी एउटा यात्रुवाहक सार्बजनिक यातायतको गाडीमा चालकलाई ठीक-ठीक समयमा गाडी रोक्न र गुडाउनको निम्ति सहयोगी (खँलासी) को विशेष भूमिका रहन्छ त्यसरी नै विद्यालयमा सम्पूर्ण शिक्षकहरुको शिक्षण कार्य सन्तुलित बनाउन तथा सरसफाइ र अन्य आइपरेका कार्यहरु सम्पादनमा विद्यालय सहयोगीको जिम्मेवारी रहन्छ । यस पटक विद्यालय सहयोगीको लागि निम्न कार्य निर्देशिकाहरु ल्याइएको छ ।

- दैनिक बिहान अनिवार्य ९:४५ बजे विद्यालयको गेट खोलिसक्ने ।
- निर्धारित ठीक-ठीक समयमा घण्टी बजाउने ।
- कार्यलयको दैनिक सरसफाइ तथा व्यवस्थित गर्ने कामहरु गर्ने ।
- कक्षाकोठाहरु विद्यालयको कार्यतालिका अनुसार नियमित रुपमा सरसफाइ गर्ने ।
- विद्यालयमा खानेपानी आपुर्ति तथा अन्य आइपरेका कामकाजहरु गर्ने ।
- विद्यालय हाता समय-समयमा अवश्यकतानुसार सरसफाइ गर्ने ।
- विद्यालयको शौचलयहरु आवश्यकतानुसार सरसफाइ तथा पानीको प्रवन्ध गर्ने ।
- विद्यालयको सामग्रीहरुको रेखदेख, सुरक्षा गर्ने ।
- विद्यार्थीहरुलाई दिउँसोको विश्रम समयमा खेलकूदका सामग्रीहरु वितरण गर्ने ।
- विद्यालय प्रशासनद्वारा निर्देसित बाहेक विद्यालय समयमा विद्यालयसँग सम्बन्धित काम मात्र गर्ने ।
- विद्यालय प्रशासन द्वारा निर्देशित भए अनुसारको अन्य कामहरु गर्ने ।

## झ. भौतिक पूर्वाधार विकास:

### १. विद्यालय भवन निर्माण:

यस वर्ष विद्यालयको भौतिक पूर्वाधार विकास पक्षमा विशेष गरी दुइ कोठे भवन निर्माण गर्ने रहेको छ । हाल विद्यालय परिसरको दक्षिण-पूर्व स्थानमा रहेको विद्यालयको पुरानो जीर्ण दुइ कोठे भवन तथा सबैभन्दा पुरानो भवनको बाँकी रहेको एक कोठा आवश्यक प्रक्रिया पुऱ्याएर भत्काउने र त्यसको स्थानमा एउटा दुइ कोठे पक्की भवन निर्माण गर्ने योजना बनाइएको छ । यसका लागि जिल्ला शिक्षा कार्यालय भोजपुर मार्फत आर्थिक अनुदान सहायता प्राप्त गर्न माग-प्रस्ताव पेश गरिनेछ ।

### २. शुद्ध खानेपानीको व्यवस्था:

विद्यालयमा पिउने तथा अन्य प्रयोजनका लागि आवश्यक पानीको प्रवन्ध हुन नसक्दा विद्यालयमा समस्या उत्पन्न भइरहेको अवस्थामा यस वर्ष शुद्ध पिउने पानीको योजना पनि अघि सारिएको छ । यसका लागि सरकारी निकाय तथा गैर सरकारी संघ-संस्थाहरुको आर्थिक अनुदान सहयोग लिन सकिनेछ । चर्पीमा प्रयोग गर्ने पानीका लागि जिल्ला खानेपानी कार्यालयमा आकाशे पानी संकलन योजनाका लागि माग-प्रस्ताव पेश गरिनेछ ।

### ३. आकाशे पानी संकलन योजना

सानोदुम्मा मा.वि.मा ल्याउन सकिने पानीका मूलहरु ज्यादै न्यून रहेकाले विद्यालयमा सरसफाई प्रयोजनका निम्ति उपयोग गर्न वर्षातको समयमा आकाशे पानी संकलन गर्ने प्रविधिको जडान गर्नको निम्ति जिल्ला खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय, भोजपुरमा माग प्रस्ताव दर्ता गरिएको छ । सुख्खा क्षेत्र भएकाले जि.खा.पा.स.सव डिभिजन कार्यालयबाट हाम्रो मागलाई प्राथमिकताको क्रममा राखिएको तथा आ.व. २०७०-७१ को समय अवधि अझै पनि रहेकाले उक्त योजना सानोदुम्मा मा.वि.लाई आउँने प्रवल सम्भावना रहेकाले शैक्षिक सत्र २०७१ सालमा विद्यालयमा उक्त योजना सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

### ४. खेलमैदान पुन निर्माण तथा व्यवस्थापनः

सानोदुम्मा माध्यमिक विद्यालयमा खेलमैदानको खासै खाँचो नभए तापनि व्यवस्थापन पक्षमा कमि भएको महसुस गरिएकाले यस वर्षै भौतिक पक्ष अन्तर्गत खेल मैदान व्यवस्थापनलाई पनि विशेष गरी योजनामा राखिएको छ । यसका लागि विद्यालय परिसर भित्रको चौरलाई सडक निर्माण गर्न आउने स्काभेइटर (Excavator) लाई सम्बन्धित पक्षहरुसँग सहकार्य गरी विद्यालय परिसरमा ल्याई खेलमैदान सम्याउन लगाइनेछ । त्यसैगरी गा.वि.स. सँग आर्थिक अनुदान सहयोग लिएर खेलमैदानको उत्तर तिरको भागमा पानी बग्ने नाली कटाउने योजना राखिएको छ ।

### ५. फर्निचर निर्माण योजना

सानोदुम्मा माध्यमिक विद्यालयमा कार्यालय व्यवस्थापनका लागि आ.व. २०७०/७१ म गा.वि.स. सानोदुम्माको आर्थिक अनुदान सहयोगमा फर्निचरहरु निर्माण गरिए तापनि कक्षाकोठाहरुमा अझै पनि फर्निचरहरुको अभाव रहेको छ । त्यसैले यस वर्ष पनि कम्तीमा पचास सेट डेक्स-बेन्च तथा अन्य आवश्यक पुस्तक र्‍याक तथा डष्टवीनहरुको व्यवस्था गर्न गाउँ परिषढमा प्रस्तवाना पत्र पेश गरिनेछ ।

### ६. सौर्य उर्जा प्रणाली जडान

शैक्षिक सत्र २०७० मा सानोदुम्मा मा.वि.मा उच्च क्षमताको सौर्य उर्जा प्रणाली जडान गर्ने लक्ष्य राखिएकोमा विविध कारणवश उक्त योजना सफल पार्न नसकिएकाल यो वर्ष पनि यस कार्यक्रमलाई निरन्तरता दिइएको छ । यस वर्ष विभिन्न व्यक्तिहरुसँग आर्थिक सहायता संकलन गरेर भए पनि विदालयमा न्यूनतम १५ वटा डेक्सटप कम्प्युटर, प्रीन्टर-फोटोकपी, प्रोजेक्टर आदि सञ्चालन गर्न क्षमता पुग्ने सौर्य उर्जा प्रणाली जडान गर्ने योजना राखिएको छ ।

### ७. विद्यालय क्षेत्र हरियाली (वृक्षारोपण) कार्यक्रम

यस वर्ष सानोदुम्मा माध्यमिक विद्यालयमा कम्पाउण्डको व्यवस्था गरिएकाले विद्यालय क्षेत्र हरियाली कार्यक्रम अन्तर्गत विभिन्न किसिमका बोटविरुवाहरु विद्यालय परिसरमा रोप्ने योजना गरिएको छ। यसका लागि विद्यार्थीहरुलाई परिचालन गरिनेछ। स्थानीय बोटविरुवा तथा जिल्ला वन कार्यालयको नर्सरीबाट केही विरुवाहरु ल्याएर विद्यार्थीहरुलाई समूह-समूह बनाएर विरुवा रोप्ने तथा हेरविचारका लागि जिम्मेवारी समेत दिइनेछ। शिक्षकहरुले पनि सहयोग र आवश्यक निर्देशन दिने प्रवन्ध गरिनेछ। विद्यार्थीहरुलाई परिचालन तथा जिम्मेवारी प्रदान नगरी बोटविरुवाको स्याहार तथा संवर्द्धन हुन कठिन हुने भएकाले माथिल्लो कक्षाका बालबालिकाहरुलाई यो कार्यमा समावेश गर्ने योजना गरिएको हो। यो कार्य आषाढ देखि शुरुवात गरिनेछ।

### ८. डष्टवीनको प्रवन्ध

सानोदुम्मा मा.वि.मा शैक्षिक सत्र २०७१ साल अवधि भरीमा हरेक कक्षाहरुमा एक-एक वटाका दरले फोहोर राख्ने डष्टवीनको प्रवन्ध गर्ने योजना अघि सारिएको छ। कक्षाकोठामा उत्पन्न भएका ठोस फोहोर मैलाहरुलाई बालबालिकाले सहज ढंगले व्यवस्थापन गर्न सकून र, कक्षाकोठा सफा राख्न उत्प्रेरित गर्ने उद्देश्यले गा.वि.स. वा जिल्ला शिक्षा कार्यालय मार्फत आर्थिक व्यवस्थापन गरी यो कार्य सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

## ञ. विविध

### १. खेलकूद तथा मनोरञ्जनः

बालबालिकाहरुको शारीरिक विकासको निम्ति खेदकूद तथा मनोरञ्जनलाई विशेष रुपमा विद्यालयमा स्थान दिइनु पर्दछ। विद्यालय उमेरका बालबालिकाहरुको मानसिक,बौद्धिक,शारीरिक संवेगात्मक विकास गराउन विद्यालयले भूमिका खेल्न सक्नु पर्दछ। त्यसैले हाम्रो विद्यालयमा नियमित विभिन्न खेलकूद तथा शारीरिक कसरत गराउने किसिमक एथ्लेटिक्स साथै वौद्धिक र मनोरञ्जनात्मक खेलहरुलाई यस वर्ष पनि समावेश गर्दै लगिने छ।

- विद्यालयको बीचमा रहेको ग्राउण्ड सम्याई त्यसमा भलिबल मात्र खेल्ने व्यवस्था गरिनेछ। त्यसमा दुईवटा भलिबल कोर्ट बनाइनेछ।
- साना कक्षाका विद्यार्थीहरुका लागि कार्यालय आगडिको सानो चौरको भागमा खेल्ने व्यवस्था हुनेछ।
- साना तथा ठूला कक्षाका विद्यार्थीहरुलाई उमेर र स्तर अनुसारको तथा आफ्नो रुचि अनुसारको विविध out door तथा indoor games को व्यवस्थामा जोड दिइनेछ।
- Indoor games मा धेरैजसो बौद्धिक खेलहरुलाई प्राथमिकता दिइनेछ।
- विद्यालय भन्दा दक्षिण पूर्वी स्थानमा रहेको चौरमा मात्र फुटबल खेल्ने व्यवस्था बनाइनेछ।
- गीत संगीतमा अभिरुचि भएका बालबालिकाका निमिति वाद्यवादनहरु बजाउने तथा समय समयमा अतिरिक्त क्रियाकलापको रुपमा गीत गायन प्रतियोगिता समेत सञ्चालन गर्ने गरी शैक्षिक क्यालेण्डर प्रकाशन गरिएको छ।
- साहित्यमा अभिरुचि भएका बालबालिकाका निम्ति पनि साहित्यिक गोष्ठी तथा प्रतियोगिता साथै भित्ते पत्रिका प्रकाशनको गत वर्ष नै शुरुवात गरिएकोमा निरन्तरता दिइनेछ।

## २. सन्दर्भ स्रोत सामग्रीहरुको व्यवस्था

विद्यालयमा शिक्षकहरुलाई आफ्नो शिक्षण क्रियाकलाप प्रभावकारी बनाउन निरन्तर अध्ययनसील भइ विषयवस्तु तथा समसामयिक पक्षहरुमा अद्यावधि भइरहनु नितान्त जरुरी हुन्छ । हाल विद्यालयमा हरेक तहको पाठ्क्रम रहेको छ साथै आधारभूत तहको बजारमा पाइएसम्म प्राय सबैजसो शिक्षक निर्देशिकाहरु उपलब्ध छन् । शैक्षिक सत्र २०६९ सालसम्ममा विद्यालयमा जम्माजम्मी दुइ वटा एटलसहरुको सहायताले प्रवेशिका परीक्षा दिने हाम्रै विद्यार्थीहरु हुन् । तर २०७० सालमा लगभग हरेक विद्यार्थीहरुले एक-एक हेर्न मात्र हैन घरैमा लगेर अध्ययन गर्न पाउँने व्यवस्था गरिएको छ । यो एउटा दृष्टान्त मात्र हो । यसै तवरले गत वर्षको सकारात्मक पक्षहरुलाई यस पटक पनि अनुसरण गर्दै अघि बढ्ने योजना गरिएको छ ।

- माध्यमिक तहको विषयगत स्वाध्ययन सामग्रीहरुको थप व्यवस्था गर्ने ।
- नविनतम् बृहत सामान्य ज्ञानकोषहरु,सामान्य ज्ञानहरु विद्यालयमा थप गर्ने ।
- शिक्षकहरु मार्फत पनि यस्ता उपयोगी सामग्रीहरु जुटाउन सकिनेछ ।
- सन्दर्भ सामग्रीहरु सालिन्दा वृद्धि गर्दै लगिनेछ ।
- कक्षाकोठामा हरेक विद्यार्थीहरुका लागि पुग्ने एटलसहरुको प्रवन्ध गर्ने ।

## ३. पुस्तकालय बढाउने:

पुस्तकालय विद्यालयको एक अति अनिवार्य पक्ष हो । विद्यालयमा हाल सालै औपचारिक रुपमा पुस्तकालयको स्थापना गरिएको छ । यसको सकारात्मक प्रभावका हेर्न अझै बाँकी नै किनकी विद्यालयमा भर्खरै मात्र पुस्तकालय स्थापना गरिएकाले यसबाट प्रतिक्रिाया लिनै बाँकी छ । तथापि विद्यालयमा पुस्तकालयको प्रभाव ज्यादै सकारात्मक नै पर्दछ । यस पटक थप पुस्तकहरु थप्ने योजना बनाइएको छ ।

- विभिन्न दाताहरुसँग सहयोगको वातावरण बनाएर अघि बढिनेछ ।
- सुचना तथा सञ्चार एवम् सामाजिक सञ्जालहरुको माध्यमबाट सहयोगको मार्ग प्रशस्त गरिनेछ ।
- विभिन्न प्रकाशक, लेखकहरुसँग पुस्तकहरु अनुदान सहयोगको अभियान सञ्चालन गरिनेछ ।
- शिक्षक तथा विद्यार्थीहरुलाई समय समयमा विद्यालयमा पुस्तक उपहार दिन प्रोत्साहन गरिनेछ ।
- विद्यालयलाई स-साना सहयोग गर्न चाहने व्याक्तिहरुलाई पुस्तकहरु नै सहयोग गर्न प्रेरित गरिनेछ ।

## ४. सम्मान तथा पुरस्कारको व्यवस्था

विद्यालयलाई आर्थिक, भौतिक, वा अन्य जुनसुकै तवरले पनि महत्वपूर्ण सहयोग गर्ने महानुभावहरुलाई सम्मान गरिनेछ । विद्यालयमा नामावली विवरण राखिनेछ । विभिन्न प्रक्रिया अपनाई वार्षिकोत्सव समारोहमा सम्मान तथा पुस्कृत गर्ने व्यवस्था गरिनेछ । त्यसैगरी शैक्षिक वर्ष २०७० को झैं यस वर्ष पनि शिक्षक तथा विद्यार्थीहरुलाई वर्ष भरिको मूल्याङकन्को आधारमा विविध शीर्षकहरुका सम्मान तथा पुरस्कारको व्यवस्थालाई निरन्तरता प्रदान गरिनेछ ।

## ५. अन्तरकृया कार्यक्रम

सानोदुम्मा माध्यमिक विद्यालयले यस वर्ष सानोदुम्मा गा.वि.स.क्षेत्रका अन्य विद्यालयहरु र सरोकारवालाहरुको आम भेला गरी छलफल तथा अन्तरकृया कार्यक्रमहरु सञ्चालन गर्ने योजना राखेको छ । गत साल भाद्र २८ गते एक दिन यस किसिमको कार्यक्रम राख्दा सबैको उत्साहजनक सहभागीता रहनुका साथै सकारात्मक प्रतिक्रिया समेत आएकाले यस वर्ष पनि उपयुक्त समय मिलाएर यस किसिमको

कार्यक्रम राखिनेछ । यसबाट सानोदुम्मा गा.वि.स. भरीकै विद्यालयहरुको शिक्षक, अभिभावक एवम् विद्यार्थीहरुको अनुभव आदान प्रदान हुनुको साथै शैक्षिक सुधारको अपेक्षा समेत गरिएको छ ।

## ट. अन्य

गत साल देखि व्यवस्था गरिएका केही महत्वपूर्ण कार्यहरुमा केही थपघट गरी वा जस्ताको तस्तै निरन्तरता दिइने केही अन्य कार्यक्रमहरु:

- दैनिक विद्यालय खुल्ने समय: ९:४५ बजे । प्रार्थना समय शुरुवात दैनिक १०:०० बजे । (विद्यार्थीहरुको पहिलो हाजिरी गर्न सकिने) पठन-पाठनको पहिलो घण्टी लाग्ने समय: १०:१० वजे । १०:१५ सम्ममा कक्षागत गीत समापन गरी शिक्षकले शिक्षण शुरुवात गर्ने ।
- दिउँसोको टिफिन टाइम पछि विद्यार्थीहरुलाई एकत्रित गर्न पाँच मिनेट अघि अर्थात ०१:५५ मा नै विद्यालय सहयोगीले घण्टि बजाउनु पर्नेछ । साथै ०२:०० बजे पाँचौ घण्टि लागाउनु पर्नेछ ।
- ०२:०० बजे पाँचौ घण्टी लाग्न साथ विषय शिक्षकहरुले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ ।
- बिद्यालयले तयार गर्नु पर्ने सम्पूर्ण किसिमका खाताहरुको व्यवस्था गरी अभिलेख सुरक्षित राख्ने कार्यलाई व्यवस्थित गरिनेछ ।
- गत सालबाट शुरुवात गरिएको खेर जाने तथा नजाने जिन्सी सामानहरुको अभिलेख राख्ने कार्यलाई निरन्तरता र अद्यावधिक गरी राखिने छ ।
- विद्यालयमा हरेक जानकारी वा सुचनाहरु सार्वजातिक सुचना पाटी र प्रशासनिक सुचना पाटीमा राख्ने शुरुवात गरिनेछ ।
- विद्यालयको समग्र विकासको लागि वि.व्य.स. र शि.अ.सं. को बैठक नियमित रुपमा राखिने छ ।
- विद्यालयको सरसफाइमा विषेश ध्यान पुऱ्याइनेछ । यसको लागि शिक्षक,विद्यार्थी तथा विद्यालय प्रशासनको संयुक्त प्रयासमा विद्यालय सहयोगीलाई परिचालन गरिनेछ र आवश्यक्ता अनुसार आफू पनि परिचालित हुनुपर्नेछ ।
- गत साल शुरुवात गरिएको विद्यार्थीहरुको मासिक उपलब्धि परीक्षण अभिलेख राखि हरेक तीन-तीन महिनामा अभिभावकहरु समक्ष Student Progress Report Card पुऱ्याउने व्यवस्था निरन्तरता दिइनेछ ।
- गत वर्ष देखि प्रकाशन शुरुवात गरिएको साझा फूलबारी भित्ते पत्रिकालई निरन्तरता दिइनेछ । बालबालिकाको सिर्जनात्मक प्रतिभा प्रस्फुटन साथै विविध मातृभाषाहरुको जगेर्णको निम्ति विद्यालयमा ***फूलबारी*** नामको मासिक भित्ते पत्रिका सञ्चालन गरिएको हो । उक्त भित्ते पत्रिकामा नेपाली भाषाको साथै निश्चित स्थानमा दुडमाली राई तथा तामाङ भाषामा समेत विद्यार्थीहरुको सिर्जनाहरु समावेश गर्ने गरि ***भित्ते पत्रिका सञ्चालन निर्देशिका*** ल्याइएको छ । सोही निर्देशिकामा व्यवस्था भए बमोजिम काम गरिनेछ ।
- विद्यालयका सम्पूर्ण अभिलेखहरु कम्प्युटराइज (Computer Type) गरेर अद्यावधिक गरी राख्ने पराम्पराको शुरुवात गरिनेछ । यसका लागि प्र.अ. ले सम्पूर्ण अभिलेखहरु स्टाफहरुको सहयोग लिइ विद्यार्थी विवरण, नतिजा विश्लेषण, तथा अन्य सबै किसिमका महत्वपूर्ण अभिलेखहरु राख्ने प्रयत्न गरिनेछ ।
- विद्यालयको सहयोगी व्यक्तित्वहरुको नामवली Flex print गरी विद्यालयमा राखिनेछ ।
- यस विद्यालयबाट प्रवेशिका परीक्षामा सामेल भइ नियमित तर्फबाट सफल हुने विद्यार्थीहरुलाई **SLC प्याकेज कार्यक्रम -२०७०** मा व्यवस्था गरिए बमोजिम पुरस्कृत गरिनेछ ।

- यस विद्यालयलाई विशेष योगदान पुऱ्याउने व्यक्तित्वहरुलाई कदर पत्र प्रदान गरी सम्मान गरिनेछ ।
- शिक्षकहरुलाई प्रोत्साहन गर्न वर्ष भरीको का.स.मूल्याङकनको आधारमा Best teacher of the Year घोषणा गरी सम्मान तथा पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- शैक्षिक सत्र भरीमा अधिकतम् विद्यालय उपस्थित हुने शिक्षक र विद्यार्थीलाई सम्मान तथा पुरस्कृत गरिने परिपाटीलाई पनि निरन्तरता दिइनेछ ।
- शैक्षिक वर्षको अन्त्यमा School toper -3 जना र हरेक कक्षाका Top ३ जनालाई पुरस्कृत गर्ने गत साल देखि शुरुवात गरिएको परिपाटीलाई निरन्तरता दिइनेछ ।
- गत साल शुरुवात गरि बनाइएका पत्र पत्रिकाहरुको ग्राहक सुविधालाई नविकरण गर्दै लगिनेछ ।
- शैक्षिक सत्रको अन्त्यमा शैक्षिक सत्र २०७२ सालका निम्ति शैक्षिक क्यालेण्डर प्रकाशनलाई निरन्तरता दिइनेछ ।

## ठ. भावि लक्ष्य तथा योजनाः

- विश्वमा शिक्षणमा सुचना तथा सञ्चार प्रविधिको बढ्दो प्रयोगलाई मध्यजनर राखि विजुली बत्तिको सुविधा आइन्जेल सम्ममा विद्यालयले अत्यधुनिक कम्प्युटर ल्याब स्थापना गर्ने । अनिवार्य कम्प्युटर शिक्षा प्रदान गर्ने ।
- हाल विकास भइरहेको शैक्षिक व्यवस्थापन तथा शिक्षण सँग सम्बन्धित विविध सफ्टवेयरहरुको प्रवन्ध गरी कक्षाकोठामा अधिकतम् प्रयोग गर्ने ।
- ICT लाई कक्षाकोठामा लान प्रयासरत नेपालकै Midas तथा OLE Nepal जस्ता संस्थाहरुसँग सहकार्य बढाउदै अघि बढ्ने ।
- यो साल पुस्ताकालय स्थापना गरी सालिन्दा वृद्धि गर्दै भविष्यमा ठूलो र बृहत बनाउने ।
- विद्यालयमा Nepal Telecome तथा अन्य नीजि ISP हरुसँगको सहकार्यमा High Speed Broadband Internet Connectivity सुविधा उपलब्ध गर्ने ।
- विद्यालयमा कम्प्युटर शिक्षालाई समावेश गर्दै जाने साथै e-library को स्थापना गरी भविष्यमा विद्यालयलाई ICT Hub को रुपमा विकास गर्ने ।
- विद्यालयमा सुचना तथा सञ्चार प्रविधि सम्वन्धि सामग्रीहरुको थप प्रवन्ध गर्दै जाने ।
- हालको जीर्ण भवनहरुको स्थानमा अत्याधुनिक पक्की भवनहरु क्रमशः बनाउन प्रयास गर्दै जाने । साथै पक्की कम्पाउण्डको व्यवस्था गर्ने ।

## ड. प्रमुख समस्या तथा चुनौतिहरुः

- विद्यार्थी अनियमितता दर अझै पनि उच्च रहेकाले विद्यार्थीहरुलाई नियमित बनाउन कठिन नै देखिन्छ ।
- दक्ष विषयगत शिक्षकहरुको अभाव एक प्रमुख समस्याको रुपमा रहेको छ । जसबाट खास गरी माध्यमिक तहमा प्रभावकारी विषयगत शिक्षण सिकाइमा प्रभाव पर्न गएको छ ।
- प्राथमिक तह देखि नै विद्यार्थी सिकाइ उपलब्धि वृद्धि गरी वर्षेनी प्रवेशिका परीक्षामा विद्यालयको राम्रो नतिजा ल्याउनु कम चुनौतीपूर्ण छैन ।
- विद्यालय र समुदायमा अध्ययनको उपयुक्त वातावरण निर्माण गरी शैक्षिक उन्नयन गर्न कठिनपूर्ण छ ।

- विद्यालयमा पर्याप्त आधुनिक शैक्षिक सामग्रीहरुको अभाव रहेको तथा शिक्षकहरुमा स्थानीय शैक्षिक सामग्री संकलन निर्माण एवम् प्रयोगमा सुधार ल्याउन ।
- विद्यालयको भौतिक पक्षको अभावः विद्यालयमा पर्याप्त मात्रमा फर्निचरहरुको उपलब्धता नहुनु, कक्षाकोठाको व्यवस्था नहुनु आदि ।
- विद्यालयको आर्थिक अवस्था ज्यादै नाजुक रहेकाले आर्थिक स्रोत जुटाइ व्यवस्थापन गर्नु ।
- विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था नहुनाले पिउने तथा अन्य सरफाइका कार्यमा समस्या आइपरेको छ, उचित स्रोतको अभावले गर्दा यो समस्यालाई तत्काल समाधान गर्न अझै पनि चुनौतिपूर्ण नै रहेको देखिन्छ ।
- समुदायको आर्थिक पछौटेपनले गर्दा विद्यालयले अपेक्षा गरे अनुरुप न त आर्थिक सहयोग जुट्न सक्दछ न त अभिभावकहरु आफ्ना छोराछोरीहरुलाई घरको काम छाडि नियमित विद्यालय पठाउन सक्दछन् । त्यसैले समाजको आर्थिक समृद्धि गराएर शैक्षिक तथा सामाजिक रुपान्तरण गर्न कम चुनौतीपूर्ण छैन ।

प्रस्तावित योजनाहरुलाई सम्पन्न गर्न सम्पूर्ण विद्यालय परिवार अर्थात शिक्षक, अभिभावक, विद्यार्थी तथा अन्य सम्बन्धित सरोकारवाला निकायहरुको समेत जिम्मेवार पूर्ण भुमिका रहने भएकाले हामी सबैले आ-आफ्नो तर्फबाट आफ्नो जिम्मेवारी पूरा गरौं र यस विद्यालयको अवस्था अझ सुधारमा अहम् भूमिका निर्वाह गरौं भन्ने सन्देश तथा अनुरोध गर्न चाहन्छु ।

*अन्त्यमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी सानोदुम्मा माध्यमिक विद्यालयको ६१औं जन्मोत्सव तथा अभिभावक दिवस समारोहमा सहभागीता जनाउनुभएकोमा प्रमुख अतिथि, विशेष अतिथि, सम्पूर्ण अतिथिगण, अभिभावक, तथा अन्य उपस्थित सम्पूर्ण महानुभावहरु प्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु ।*

**धन्यवाद**

☺

सानोदुम्मा माध्यमिक विद्यालय
सानोदुम्मा–३(थर्पु),भोजपुर
फोनः ९८५२०५२७५५
email: sanodumma.edu@gmail.com
www.facebook.com/groups/sanodumma.edu
www.sanodumma.edu.np